# २४ औं वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिका तर्फबाट **संयोजक श्री कमल प्रसाद भट्टराई**ले प्रस्तुत गर्नु भएको वार्षिक प्रतिवेदन-२०७५



**श्री कमल प्रसाद भट्टराई**

सभाका सभाध्यक्ष महोदय,
प्रमुख अतिथिज्यू,
अतिथि वर्ग एवं मित्र संस्थाहरुबाट प्रतिनिधित्व गर्नु हुने सहकारीकर्मी मित्रहरु,
सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीज्यूहरु,
विभिन्न उप-समिति तथा सम्पूर्ण सदस्यहरु,

सर्वप्रथम हाम्रो घरआँगनमा प्रवेश गर्दै गरेको महान पर्व विजया दशमी, मोहनी नख, दिपावली, सुन्ति नखः तथा नेपालको मौलिक सम्बत् नेपाल सम्बत् ११३९ नयाँ बर्षको उपलक्ष्यमा संस्थाका समस्त सदस्यज्यूहरुको उत्तरोत्तर प्रगति, सुख, समृद्धिको लागि अग्रीम रुपमा म स्वयम् तथा संस्थाको तर्फबाट हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु ।

बचत तथा ऋण संघको पहिलो सिद्धान्त "प्रजातान्त्रिक संरचना" अन्तरगत खुल्ला तथा स्वेच्छिक सदस्यता पछिको सिद्धान्त हो - प्रजातान्त्रिक नियन्त्रण । सहकारी संस्था स्वस्फूर्त रुपमा सदस्यहरुको सङ्गठन भएकोले खुल्लापनको साथ साथै प्रजातान्त्रिक पद्धतिको अवलम्बलन गर्नु अपरिहार्य हन्छ । जसरी प्रजातान्त्रिक मुलुकहरुमा शासन सञ्चालन गर्ने सरकार र सरकारको कमी कमजोरी औंल्याएर रचनात्मक सहयोग गर्न प्रमुख प्रतिपक्ष रहेको हुन्छ । प्रतिपक्ष विनाको सरकार निरंकूश हुन्छ भन्ने मान्यता रहेको छ । यसै सिद्धान्त, पद्धतिलाई सहकारी संस्थामा पनि लागु गर्दै आएको पाईन्छ ।

साधारण सभा, सहकारी संस्थाको उच्च निकाय हो, जसले सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको गठन गर्छ । साधारण सभाबाट निर्वाचित सञ्चालक समितिले संस्थाको दैनिक प्रशासन तथा अन्य व्यावसायिक काम कावारही गर्ने जिम्मेवारी पाएको हुन्छ भने लेखा सुपरिवेक्षण समितिले सञ्चालक समितिलाई रचनात्मक सुझावहरु दिएर उक्त जिम्मेवारीलाई पूरा गर्न सहयोग गर्छ । सञ्चालक समितिको काम कारवाहीलाई सुक्ष्म ढंगबाट निरीक्षण अवलोकन गर्ने दायित्व लेखा सुपरिवेक्षण समितिलाई दिइएको छ । यसै तथ्यलाई मनन गरी सहकारी ऐन २०७४ को दफा ४८ ले "सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एक जना संयोजक र दुई जना सदस्यहरु रहने गरी साधारण सभाले निर्वाचनबाट लेखा सुपरिवेक्षण समिति गठन गर्नेछ" भन्ने व्यवस्था गरी सञ्चालक समितिको काम कारवाहीको सूक्ष्म अध्ययन अवलोकन गर्न सक्ने सदस्यहरु लेखा सुपरिवेक्षण समितिमा पुगोस भनेर लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुको योग्यता निर्धारण गरेको हुन सक्छ ।

सहकारी ऐन २०७४ को दफा ४९ को उपदफा १ (च) ले "लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारवाहीको सुपरिवेक्षण सम्बन्धी बार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने" व्यवस्था गरेको छ भने सहकारी मापदण्ड २०६८ को दफा ११ (४) ले लेखा समितिको प्रतिवेदन ढाँचा समेत उल्लेख गरी साधारण सभा समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था गरेको छ ।

सदस्य महानुभावहरु,
अब म यस गरिमामय २४ औं बार्षिक साधारण सभा समक्ष संस्थाको आ.ब. २०७४/०७५ को लेखा सुपरिवेक्षण समितिको तर्फबाट बार्षिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१. अघिल्लो साधाण सभाको निर्णय कार्यान्वयनको अवस्था :**

गत बर्ष मिति २०७४ असोज ५ गते संस्थाको २३ औं बार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न भएको र उक्त साधारण सभाले विभिन्न १० वटा निर्णयहरु पारित गरेको स्मरण गराउन चाहन्छु ।

२३ औं बार्षिक साधारण सभामा संस्थाको तर्फबाट प्रस्तुत अधिकांश कार्यक्रमहरु सञ्चालन भएका छन् भने केही कार्यक्रमहरु सम्पन्न नभएका देखिन्छन् । त्यसै गरी संस्थाबाट प्रस्तुत आर्थिक प्रतिवेदनको स्रोत तथा उपयोग तर्फ रु. ६३,५०,००,०००।- हुने र आय व्ययको आय तर्फ ६,६७,४७,५००।- र खर्चतर्फ रु. ५,२७,४९,६७८।- भई रु. १,३९,९७,८२२।- बचत (नाफा) हुने विवरण प्रस्तुत गरिएकोमा स्रोत तथा उपयोग (वासलात) तर्फ अनुमान अनुसार नै र आय व्ययको आम्दानी तर्फ अनुमानित भन्दा ३.६४% बढी आम्दानी र खर्च तर्फ अनुमान अनुसार नै खर्च भएको छ । बचत (नाफा) तर्फ अनुमानित बचत (नाफा) भन्दा ३.९४% बढी बचत (नाफा) छ । अनुमाति बचत (नाफा) भन्दा २२.०५% बढी बचत (नाफा) भएको भएतापनि सम्भावित नोक्सानी व्यवस्था (डुबन्त ऋण कोष) मा रु. २५,३५,७३३।- व्यवस्था गरेको देखिन्छ ।

गत साधारण सभाबाट प्रत्यायोजित अधिकार बमोजिम आ.ब. २०७४/०७५ को लेखा परिक्षणका लागि एल.एस.पि. एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्टलाई नियुक्त गरेकोमा उक्त संस्था प्रोपाईटर परिवर्तन भई जे.एन.प्रतिहस्त एण्ड एसोशिएट्स् कायम भएको जानकारी प्राप्त भएको छ । सोही अनुसार जे.एन.प्रतिहस्त एण्ड एसोशिएट्स्बाट गत आ.ब.को लेखा परिक्षण कार्य सम्पन्न गरेको छ र लेखा परिक्षकलाई भ्याट वाहेक रु. ८५,०००।- प्रदान गरेको देखिन्छ ।

सञ्चालक समितिबाट पेश भई साधारण सभाबाट अनुमोदन भए अनुसार आ.ब. २०७३/०७४ को शेयर लाभांश बापत ७.७५% र शेयर प्रोत्साहन खर्च बापत ४.२५% सदस्यहरुलाई वितरण गरेको छ ।

साधारण सभाबाट सञ्चालक समितिलाई प्रत्यायोजित अधिकार अनुसार संस्थामा हाल लागू रहेको नीति तथा कार्यविधिहरुलाई संशोधन र परिमार्जन गरी लागू गरेको छ ।

**२. आ.ब. २०७४/०७५ मा बसेको बैठक संख्या निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :**

गत आर्थिक बर्ष २०७४/०७५ मा सञ्चालक समितिको जम्मा १४ पटक बैठक बसेको छ भने प्रत्येक बैठकमा अघिल्लो बैठकको निर्णय कार्यान्वयनको अवस्था सम्बन्धमा संक्षिप्त प्रतिवेदन पेश गर्ने गरेको पाईयो । सञ्चालक समितिबाट भएको अधिकाँस निर्णयहरु कार्यान्वियन भएको देखियो । त्यसै गरी लेखा सुपरिवेक्षण समितिको ३ पटक बैठक बसेको तथा सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको संयुक्त बैठक २ पटक बसेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

**३. ऋण लगानीको प्रक्रिया, ऋण बापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :**

संस्थाले संस्थामा लागू रहेको ऋण नीति २०७३ बमोजिम ऋण लगानी गरेको छ । संस्थाको ऋण नीति बमोजिम बचतको दोब्बर वा पचास हजार सम्म मात्र विना धितो ऋण प्रदान गर्दै आएको देखिन्छ । सो भन्दा बढी ऋणहरु ऋण लगानी गर्दा चल अचल सम्पति धितो वा सदस्य जमानीमा मात्र लगानी गरेको देखियो । साथै संस्था सञ्चालकहरु मध्ये ५१% भन्दा कम सञ्चालकहरुले मात्र ऋण कारोबार गरेको पाइयो ।

**४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण :**

- कार्यक्षेत्र भन्दा बाहिरका व्यक्तिहरुलाई सदस्य नबनाइएको ।
- संस्थाले साधारण सभाबाट प्रत्यायोजित अधिकार बमोजिम बचत तथा ऋण सहित अन्य २० वटा सञ्चालन नीति तयार गरी लागू गरेको छ भने नीतिहरुलाई बार्षिक रुपमा संशोधन परिमार्जन समेत गर्दै आएको ।
- लेखा सुपरिवेक्षण समिति प्रभावकारी रुपमा सक्रिय रहने प्रयास गरेको । नियमित बैठक बसी अर्ध बार्षिक रुपमा लिखित प्रतिवेदन दिने गरेको ।

- ऋण लगानीमा १% ऋण संरक्षण शुल्क लिने गरेको र ऋण चुक्ता भए पछि शेयरको आधारमा २५% देखि ५०% फिर्ता गर्ने व्यवस्था गरेको ।
- सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिले बैठक भत्ता र यातायात, सञ्चार सुविधा बाहेक अन्य सुविधा नलिएको ।
- सदस्यहरुलाई शेयर पूँजीको १५% भन्दा बढी हुने गरी अन्य कुनै शीर्षकबाट रकम नबाँडेको ।
- बचत तथा ऋण बाहेक अन्य कारोबार नगरेको ।
- सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु र कर्मचारीहरु समान उद्देश्य भएका अन्य प्रारम्भिक संस्थाहरुमा सदस्य समेत नरहेको ।

**५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरु :**

गत आ.ब.मा सहकारी तथा गरिवी निवारण मन्त्रालय, अनुमगन, मूल्याङ्कन तथा अनुसन्धान शाखाबाट “बचत तथा ऋण कारोबारको व्याज दर अन्तर सम्बन्धी संकलन गर्ने विवरण फाराम” तथा “सघन अनुगमन गरिएका सहकारी संघसंस्थाहरुको पुनर्अनुगमन सम्बन्धी प्रश्नावली” विवरण उपलब्ध गराउने पत्र प्राप्त भए अनुसार तोकिएको मितिभित्र आवश्यक विवरणहरु उपलब्ध गराएको देखिन्छ ।

**६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :**

सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिले बैठक भत्ता र यातायात सञ्चार सुविधा बाहेक अन्य सुविधा नलिएको । कार्य कालमा एक पटक पोशाक भत्ता लिने गरेको छ । अरु भत्ता तथा सुविधा लिएको छैन ।

**७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :**

साधारण सभाबाट प्रत्यायोजित अधिकार बमोजिम सञ्चालक समितिले कर्मचारी प्रशासन नीति बनाई लागू गरेको छ । कर्मचारी प्रशासन नीति बमोजिम कर्मचारी नियुक्ती र जिम्मेवारी प्रदान गरेको देखिन्छ । कर्मचारी नियुक्ती गर्दा कर्मचारी प्रशासन नीतिमा उल्लेखित कार्यविधि अपनाउने गरेको देखिन्छ । कर्मचारी प्रशासन नीति बमोजिम गत आर्थिक बर्षमा एक जना कर्मचारी नियुक्त गरेको छ भने एक जना महिला कर्मचारीले दुई महिने तलबी सुत्केरी विदा लिएको देखिन्छ । साथै करार सेवामा रहेका रात्री सुरक्षा गार्डले व्यक्तिगत कारणले राजीनामा दिएको छ र रिक्त पद कर्मचारी प्रशासन नीति बमोजिम पूर्ति गरिएको छ ।

कर्मचारी दरबन्धी सम्बन्धमा कर्मचारी प्रशासन नीतिको दफा ३ मा कर्मचारी दरवन्दी सृजना गर्दा सदस्य संख्या र कुल सम्पतिलाई आधार मानिने तथा सामान्यतया सदस्य संख्या ४०० बरावर एक जनाको आधार मानिने व्यवस्था गरिएको छ । सो अनुसार संस्थाको सदस्य संख्याको आधारमा कर्मचारी संख्याको तादत्म्यता रहेको देखिन्छ । कार्यरत कर्मचारी बीच जिम्मेवारी बाँडफाँड गरी कार्य सम्पादन गर्ने गरेको पाईन्छ । संस्थामा लागू रहेको कर्मचारी प्रशासन नीतिमा तोके बमोजिम योग्यता व्यवस्थापन प्रमुख र अन्य कर्मचारीहरुमा रहेको छ । हाल संस्थामा करार -३, अस्थायी - १ र स्थायी ५ गरी जम्मा ९ जनाको व्यवस्थापन समूह रहेको छ ।

**८. लेखा सुपरिवेक्षण समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था :**

संस्थाको लेखा सुपरिवेक्षण समितिले प्रतिवेदन मार्फत प्रस्तुत गरेको सुझावहरु मध्ये अधिकांस कार्यान्वयन भएको देखिन्छ । समितिले ऋण व्यवस्थापनमा विशेष ध्यान केन्द्रीत गरी खराब ऋणीहरुलाई ताकेता गर्ने, विवरण सार्वजनिक गर्ने लगायतका सुझावहरु दिए अनुसार भाखा नाघेको ऋण कम देखिएबाट ऋण व्यवस्थापनका लागि दिएकोसुझावहरु कार्यान्वयन भएको देखिन्छ ।

**९. लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :**

सहकारी संस्थामा लेखा सुपरिवेक्षण समितिको भूमिकालाई प्रभावकारी बनाउनका लागि संस्थाले विभिन्न प्रयासहरु गरेको छ । समितिका पदाधिकारीहरुलाई विभिन्न समय विभिन्न संघसंस्थाहरुले आयोजना गरेको

तालिम तथा गोष्ठीहरुमा सहभागिता जनाउने अवसर प्रदान गरेको छ । यसका लागि संस्थाको सञ्चालक समितिलाई धन्यवाद नदिई रहन सकिदैन । नेपाल बचत तथा ऋण सहकारी संघको आयोजनामा भएको लेखा सुपरिवेक्षण समितिको गोष्ठीमा सहभागिता जनाइयो । सहकारी संस्थाहरुमा लेखा सुपरिवेक्षण समिति नाम मात्रको रही रहेको अवस्थामा यस किसिमको गोष्ठीहरु आयोजनाले लेखा सुरिवेक्षण समितिलाई केही हदसम्म भए पनि क्रियाशिल बनाउने विश्वास लिएको छु ।

संस्था नामले नै बचत तथा ऋणको कारोबार गर्ने संस्था हो । संस्थाको मूख्य आधार भनेको नै सदस्यहरुबाट प्राप्त बचत रकम र सदस्यहरुले गर्ने ऋणको कारोबार नै हो । त्यसैले सदस्यहरुको कारोबारलाई सुरक्षित र भरपर्दो बनाउने तर्फ सधैं चनाखो हुनु आवश्यक छ । यसका लागि संस्थाले भरपर्दो प्रविधिहरु समेत अपनाउनु जरुरी छ । यति मात्र नभई संस्थामा सुशासन कायम हुनु आवश्यक छ । हामी सबैको प्रयासले संस्थालाई सुरक्षित, भरपर्दो, गुणस्तरिय बनाउन सकेका छौं र एशियाली ऋण महासंघले संस्थालाई प्रदान गरेको गुणस्तर प्रमाण पत्र पुनः नवीकरण भएको छ । यसलाई कायम राख्ने तर्फ हामी सबैको विशेष ध्यान पुग्नु जरुरी छ ।

लामो प्रतिक्षा पश्चात् सहकारीले ऐन पाएको छ । जे जस्तो भए पनि राज्यले जारी गरेको ऐन, नियमहरुको पालना गर्नु हामी सबैको दायित्व हो । नयाँ सहकारी ऐनमा भएका प्रावधानहरुलाई पालना गर्नेतर्फ पनि संस्थाले समयमा नै ध्यान दिनु पर्छ साथै सहकारी विभागले सहकारी संघसंस्थाहरुका लागि सम्पति शुद्धिकरण निवारण सम्बन्धी निर्देशन जारी गरेको छ । जारी निर्देशनमा संस्थाको साथ साथै संस्थाका सदस्यहरुलाई पनि केही जिम्मेवारी दिएको छ । जस अनुसार संस्थाका सदस्यहरुलाई आ-आफ्नो पहिचानका लागि संस्थाले उपलब्ध गराएको सदस्य पहिचान विवरण फाराम भरी निर्देशन पालनामा सहयोग गरी दिनु हुन अनुरोध गर्न चाहन्छु ।

**१०. लेखा सुपरिवेक्षण समितिको सुझावहरु :**

- संस्थागत पूँजीलाई पर्ल्स अनुगमन प्रणाली अनुसार कायम गर्नु पर्ने ।
- संस्थामा गठन भएका विभिन्न उप-समितिहरुलाई अझै क्रियाशिल बनाउने ।
- संस्थामा हुने बैठकहरु निश्चित गरी सुशासन कायम गर्नु पर्ने ।
- खराब ऋण असुलीका लागि थप प्रयासहरु गर्नु पर्ने ।

आजको यस सम्मानित २४ औं बार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत कार्यक्रम तथा बजेटलाई पूर्ण रुपमा कार्यान्वयन गर्नेतर्फ सञ्चालक समितिलाई आआफ्नो क्षेत्रबाट सक्दा सहयोग गर्नु हुन र संस्थामा सुशासन, पारदर्शिता, आर्थिक अनुशासन कायम गर्ने गराउने सम्बन्धमा लेखा सुपरिवेक्षण समितिलाई यहाँहरुबाट साथ र सक्रिय सहयोग प्राप्त हुने विश्वास लिएको छु । साथै यस सभामा प्रस्तुत यस प्रतिवेदन उपर छलफल गरी पारित गरी दिनु हुन समेत म यस सभा समक्ष प्रस्ताव गर्दै यो प्रतिवेदन यही टुङ्ग्याउँछु ।

धन्यवाद ! जय उपकार !! जय सहकारी !!!